# अमर महिला सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका नगरपालिका वडा नं. २, बर्दिया

## गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८२/०३/२७ गते शुक्रबार**

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८१/०८२ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ४७५३ मिति २०८२/०३/१७ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **सौर्य राष्ट्रिय दैनिक** पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

**तपसिल**

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| KH/15/18-a01-01-2082/03/27-p | समूहको घाटगद्धीमा | १, ३, ४, ५, ७ र ८ | १ | साल | A | ३ | ४६.४८ | १२५० | ५८१००.० | २८७६५० | |
| | | | २ | साल | B | ५० | ६१०.२३ | ९०० | ५४९२०७.० | | |
| | | | ३ | साल | C | १०९ | ६४७.४ | ६०० | ३८८४४०.० | | |
| | | | ४ | अस्ना | A | १ | २३.७७ | ४०० | ९५०८.० | | |
| | | | ५ | अस्ना | C | १० | ४१.१७ | १०० | ४११७.० | | |
| | | | ६ | जामुन | C | ४ | १३.०८ | १०० | १३०८.० | | |
| | | | ७ | कर्मा | B | १ | ६.५६ | ३०० | १९६८.० | | |
| | | | ८ | कर्मा | C | ३ | १३.४५ | १०० | १३४५.० | | |
| | | | ९ | सादन | N | १६ | ९९.२१ | ३०० | २९७६३.० | | |
| | | | १० | बाँझी | N | ७९ | ६४८.९३ | १०० | ६४८९३.० | | |
| | | | ११ | अन्य | N | १ | १२.५ | १०० | १२५०.० | | |
| जम्मा | | | | | | २७७ | २१६२.७८ | | ११०९८९९.० | २८७६५० | |
| KH/15/18-a01-02-2082/03/27-p | समूहको घाटगद्धीमा | ९, ११, १२, १३ र १४ | १ | साल | A | ५ | ८७.१४ | १२५० | १०८९२५.० | ३१९६२७ | |
| | | | २ | साल | B | ९३ | ७९०.९१ | ९०० | ७११८१९.० | | |
| | | | ३ | साल | C | २३४ | १११५.३२ | ६०० | ६६९१९२.० | | |
| | | | ४ | साल | D | २ | २.४४ | ३०० | ७३२.० | | |
| | | | ५ | अस्ना | A | १० | १८२.२७ | ४०० | ७२९०८.० | | |
| | | | ६ | अस्ना | B | १३ | १११.७ | ३०० | ३३५१०.० | | |
| | | | ७ | अस्ना | C | १३ | ४४.९५ | १०० | ४४९५.० | | |
| | | | ८ | जामुन | C | १२ | ३८.६६ | १०० | ३८६६.० | | |
| | | | ९ | बाँझी | N | २ | २९.८२ | १०० | २९८२.० | | |
| जम्मा | | | | | | ३८४ | २४०३.२१ | | १६०८४२९.० | ३१९६२७ | |
| KH/15/18-a01-03-2082/03/27-p | समूहको घाटगद्धीमा | साल जातको दाउरा (२०'x५'x५'को) १०.०० चट्टा | | | | | | १२००० | १२०००० | १९२५६३ | |
| | | साल लगायत जातको मिश्रित दाउरा (२०'x५'x५'को) ०.५० चट्टा | | | | | | ८००० | ४००० | | |
| | | अन्य जातको दाउरा (२०'x५'x५'को) ९.०० चट्टा | | | | | | ४००० | ३६००० | | |
| जम्मा | | | | | | | | | १६०००० | १९२५६३ | |

शर्त तथा नियमहरु:

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८२/०४/१५ गते बिहीबार
ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८२/०४/१६ गते शुक्रबार
ख) समयः मध्यान्ह १:०० बजेसम्म

३) बोलपत्र खोल्ने मिति र समय
क) अन्तिम मितिः २०८२/०४/१९ गते सोमबार
ख) समयः मध्यान्ह २:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **सौर्य राष्ट्रिय** दैनिक पत्रिकामा मिति २०८२/०३/२७ गते शुक्रबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको मध्यान्ह २:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ न्युनतम मुल्य भन्दा माथी कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, गुलरिया, बर्दियामा रहेको खाता नं. ४१४०१००००८३३४००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।